# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।०३।१९ गते

# प्रेस विज्ञप्ति

**विषय: आरोप-पत्र दायर गरिएको।**

---

महानगरीय अपराध महाशाखा, टेकू काठमाडौंमा कार्यरत प्रहरी नायव निरीक्षक कृष्ण बहादुर गैरेले नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी राष्ट्रसेवक पदमा रहेर भ्रष्टाचार गरेकोले छानविन गरी आवश्यक कारवाही गरिपाउँ भन्ने व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निजले माध्यमिक शिक्षा परिषद, उत्तर प्रदेश भारतबाट प्राप्त गरेको माध्यमिक (एस.एल.सी.सरह) तहको नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी प्रहरी जवान पदमा नियुक्ति लिइ क्रमशः प्रहरी नायव निरीक्षक पदमा बढुवा समेत भइ लाभ लिएको देखिन आएको हुँदा निजको उक्त कार्य साविक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसुर भएको देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा १२ र दफा २९ को उपदफा (२) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(मदन कोइराला)
सहायक प्रवक्ता एवं सूचना अधिकारी